"जलस्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७७/०७८
चलानी नं./Dispatch No:-

मिति/Date: २०७८।०१।०३

विगु गाउँपालिका कार्यपालिकाको कार्यालय लादुक, दोलखा

---

**सयौं विद्यार्थी विरामी परेको भन्ने समाचारप्रति विगु गाउँपालिकाको स्पष्टोक्ति**

यस दोलखा जिल्ला, विगु गाउँपालिका, वडा नं ८, खोपाचागुस्थित हिमालय माध्यमिक विद्यालयमा अज्ञात रोग लागी सयौं विद्यार्थी एकैपटक विरामी परेको साथै उच्च ज्वरो आउने, घाँटी दुख्ने जस्ता लक्षण समेत देखिएको भन्ने व्यहोराको विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। समाचार प्रकाशित हुनसाथ त्यसको सत्य तथ्य बुझ्न २०७८ साल बैशाख २ गते राति नै स्वास्थ्यकर्मी र प्रहरी सहित गाउँपालिकाको टोली उक्त विद्यालयमा गएको र सम्बन्धित विद्यालयकी नर्सद्वारा समेत समाचारमा उल्लेख भए जस्तो भयावह अवस्था नरहेको, केही विद्यार्थीमा सामान्य रुवाखोकी जस्ता समस्या देखिए पनि उच्च ज्चरो नदेखिएको जानकारी प्राप्त भएको तथा गाउँपालिकाद्वारा निरन्तर रुपमा स्वास्थ्यकर्मी परिचालन गरी समाचारको वास्तविकता बुझ्ने प्रयास जारी रहेको, साथै गाउँपालिकाको अध्यक्ष, स्वास्थ्य शाखा प्रमुख लगायतका जिम्मेवार व्यक्तिले समाचारमा उद्धृत गरिएको व्यहोराको भाषा नबोलेको हुँदा सम्बन्धित अभिभावक, विद्यार्थी र सम्पूर्ण जनमानसलाई भ्रममा नपर्नु हुन अनुरोध गर्दछौं। कोभिड महामारीको दोस्रो चरण दोहोरिन सक्ने समग्र राष्ट्रिय जोखिमप्रति सचेत रहँदै नेपाल सरकारद्वारा जारी गरिएका स्वास्थ्य मापदण्डहरु पालना गर्न र मूलतः महामारीको सम्भावित जोखिमप्रति सजग रही सत्य तथ्य समाचार प्रवाह गर्न हामी सबै सरोकारवालासमक्ष हार्दिक अनुरोध गर्दछौ।

पेमा दोर्जे थोकर
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

फोन नं: ०४९-४१०१०९ ईमेल:info@bigumun.gov.np, bigumun@gmail.com वेभ साइट: www.bigumun.gov.np